// नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४५) काठमाडौं, कात्तिक २६ गते २०५२ साल (अतिरिक्ताङ्क ३०

# भाग ३

## श्री ५ को सरकार
## सामान्य प्रशासन मन्त्रालयको
### सूचना १

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०५० को नियम १३६ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची–८ को सट्टा देहायको अनुसूची–८ राखी हेरफेर गरेको छ ।

अनुसूची–८
(नियम ३० संग सम्बन्धित)
<u>श्रेणी विहीन पदहरू</u>

१. <u>हेभी सवारी चालकः–</u>

(क) प्रथम स्तर

(ख) द्वितीय स्तर

(ग) तृतीय स्तर

२. <u>हल्का सवारी चालकः–</u>

(क) प्रथम स्तर

(ख) द्वितीय स्तर

(ग) तृतीय स्तर

(घ) चतुर्थ स्तर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. परिचर स्तरका पदहरू:-

(क) प्रथम स्तर

(ख) द्वितीय स्तर

(ग) तृतीय स्तर

४. सम्बन्धित सेवा, समूह सम्बन्धी नियमहरूमा तोकिएका पदहरू ।

५. श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समय-समयमा तोकेका अन्य पदहरू ।

## सूचना २

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०५० को नियम ३३ को उपनियम (५) ले दिएको अधिकार प्रयोग गरी निजामती सेवामा कार्यरत श्रेणी विहिन हेभी सवारी चालक र हल्का सवारी चालक तथा परिचर स्तरका पदहरूमा देहायबमोजिम स्तर वृद्धि व्यवस्था लागू गरेको छ :-

### (क) हेभी सवारी चालक

| क.सं. | स्तर | योग्यता र अनुभव |
|---|---|---|
| १. | प्रथम स्तर | हेभी सवारी चालक अनुमती पत्र (लाइसेन्स) प्राप्त । |
| २. | द्वितीय स्तर | हेभी सवारी चालक अनुमती पत्र (लाइसेन्स) प्राप्त गरी सवारी चालक प्रथम स्तरमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको र मोटर मर्मत सम्बन्धी साधारण ज्ञान प्राप्त । |
| ३. | तृतीय स्तर | हेभी सवारी चालक अनुमती पत्र (लाइसेन्स) प्राप्त गरी सवारी चालक द्वितीय स्तरमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको र मोटर मर्मत सम्बन्धी साधारण ज्ञान प्राप्त । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५२

## (ख) हल्का सवारी चालक

| क्र.सं. | स्तर | योग्यता र अनुभव |
|---|---|---|
| १. | प्रथम स्तर | हल्का सवारी चालक अनुमती पत्र (लाइसेन्स) प्राप्त । |
| २. | द्वितीय स्तर | हल्का सवारी चालक अनुमनी पत्र (लाइसेन्स) प्राप्त गरी सवारी चालक प्रथम स्तरको पदमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको र मोटर मर्मत सम्बन्धी साधारण ज्ञान प्राप्त । |
| ३. | तृतीय स्तर | हल्का सवारी चालक अनुमती पत्र (लाइसेन्स) प्राप्त गरी सवारी चालक द्वितीय स्तरमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको र मोटर मर्मत सम्बन्धी साधारण ज्ञान प्राप्त । |
| ४. | चतुर्थ स्तर | हल्का सवारी चालक अनुमती पत्र (लाइसेन्स) प्राप्त गरी सवारी चालक तृतीय स्तरमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको र मोटर मर्मत सम्बन्धी साधारण ज्ञान प्राप्त । |

## (ग) परिचर स्तर

| क्र.सं. | स्तर | योग्यता र अनुभव |
|---|---|---|
| १. | प्रथम स्तर | साधारण लेखपढ गर्न जान्ने । |
| २. | द्वितीय स्तर | साधारण लेखपढ गर्न जानेको र परिचर वा सो सरहको प्रथम स्तरमा कम्तिमा दश वर्ष स्थायी सेवा गरेको । |
| ३. | तृतीय स्तर | साधारण लेखपढ गर्न जानेको र परिचर वा सो सरहको द्वितीय स्तरमा कम्तिमा दश वर्ष स्थायी सेवा गरेको । |

स्पष्टीकरणः–

१. यो स्तर वृद्धि व्यवस्था लागू हुँदाका वखत कार्यरत हेभी सवारी चालकहरू मध्ये पाँच वर्ष स्थायी सेवा अवधि पूरा नगरेकालाई प्रथम स्तरमा कायम गरी अनुभव र कार्यदक्षताको आधारमा पहिलो पटकको लागि कम्तीमा पाँच वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई द्वितीय स्तरमा र कम्तीमा दश वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई तृतीय स्तर कायम गरी स्तर वृद्धि गरिने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
352

२. यो स्तर वृद्धि व्यवस्था लागू हुँदाका बखत कार्यरत हल्का सवारी चालकहरू मध्ये पाँच वर्ष स्थायी सेवा अवधि पूरा नगरेकालाई प्रथम स्तरमा कायम गरी अनुभव र कार्यदक्षताको आधारमा पहिलो पटकको लागि कम्तीमा पाँच वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई द्वितीय स्तरमा, कम्तीमा दश वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई तृतीय स्तरमा र कम्तिमा पन्ध्र वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई चतुर्थ स्तर कायम गरी स्तर वृद्धि गरिनेछ ।

३. यो स्तर वृद्धि व्यवस्था लागू हुँदाका बखत कार्यरत परिचर स्तरका कर्मचारीहरू मध्ये दश वर्ष स्थायी सेवा अवधि पूरा नगरेकालाई प्रथम स्तर कायम गरी अनुभव र कार्यदक्षताको आधारमा पहिलो पटकको लागि कम्तिमा दश वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई द्वितीय स्तरमा र कम्तिमा बीस वर्ष स्थायी सेवा अवधि पूरा गरेकालाई तृतीय स्तर कायम गरी स्तर वृद्धि गरिनेछ ।

आज्ञाले,
विश्वनाथ सापकोटा
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२५४
मुद्रण विभाग, सिंहदरबार